# पुतलीबजार नगरपालिका स्याङ्जा

## प्रशासकीय कार्यविधी नियमित गर्ने ऐन, २०७५

# स्थानीय राजपत्र

खण्डः१/संख्याः१/ मितिः २०७५/०३/०३

## भाग-१

# पुतलीबजार नगरपालिका स्याङ्जा

## प्रशासकीय कार्यविधी (नियमित गर्ने) ऐन, २०७५

## खण्ड-१/भाग-१/संख्या-१

### स्थानीय राजपत्रमा प्रकाशन मिति २०७५/०३/०३

# पुतलीबजार नगरपालिका स्याङ्जा

## प्रशासकीय कार्यविधी (नियमित गर्ने) ऐन, २०७५

**प्रस्तावना**

नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकारक्षेत्र भित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधी नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम पुतलीबजार नगरपालिकाको सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो ऐनको नाम नगरपालिकाको प्रशासकीय कार्यविधी (नियमित गर्ने) ऐन, २०७५ रहेको छ ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागू हुनेछ ।

२. **परिभाषा** : (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "ऐन" भन्नाले पुतलीबजार नगरपालिकाको प्रशासकीय कार्यविधी (नियमित गर्ने) ऐन, २०७५ सम्झनु पर्छ ।

(ख) "कार्यपालिका"भन्नाले पुतलीबजार नगरकार्यपालिका सम्झनु पर्छ ।

(घ)"नगरपालिका" भन्नाले पुतलीबजार नगरपालिका सम्झनु पर्छ ।

(ङ)"सभा" भन्नाले संविधानको धारा २२३ बमोजिमको नगरसभा सम्झनु पर्छ ।

३. **नियम बनाउने अधिकार** : (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नगरपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधी नियमित गर्नका लागि पुतलीबजार नगरकार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाईने छ ।

४. **निर्देशिका, कार्यविधी र मापदण्ड वनाउन सक्ने**: (१) संविधान, ऐन तथा यस ऐन अन्तरगत वनेको नियमावलीको अधीनमा रही यस नगरकार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधी र मापदण्ड वनाई लागू गर्न सक्नेछ ।